# अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७८

स्वीकृत मिति (मा. मन्त्रिस्तर) : २०७८/१०/१७

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

**प्रस्तावना**

स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुँच सुनिश्चित गर्नका लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत् आफ्नै फार्मेसी सेवा संचालन गरी विरामी एवं सेवाग्राहीहरुलाई सुलभ एवं गुणस्तरीय सेवा पुर्याउन जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ को अधिकार प्रयोग गरी मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७८" रहनेछ ।

(२) यो निर्देशिका मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(१) **"मन्त्रालय"** भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्दछ ।

(२) **"अस्पताल"** भन्नाले सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी अस्पताल भन्ने सम्झनु पर्दछ ।

(३) **"फार्मेसी सेवा"** भन्नाले अस्पतालहरुमा संचालनमा रहेको र संचालन गरिने औषधि तथा औषधिजन्य सामाग्रीहरुबाट दिइने सेवा सम्झनु पर्दछ ।

(४) **"ऐन"** भन्नाले "जनस्वास्थ्य सेवा ऐन, २०७५" सम्झनु पर्दछ ।

(५) **"नियमावली"** भन्नाले "जनस्वास्थ्य सेवा नियमावली, २०७७" सम्झनु पर्दछ ।

(६) **"मापदण्ड"** भन्नाले "स्वास्थ्य सेवा संचालन मापदण्ड, २०७७" सम्झनु पर्दछ ।

(७) **"कमिटी"** भन्नाले दफा ३ बमोजिम गठन भएको "ड्रग एण्ड थेराप्युटिक कमिटी" सम्झनु पर्दछ ।

(८) **"अस्पताल फर्मुलरी"** भन्नाले अस्पतालमा प्रयोग हुने औषधि तथा औषधिजन्य सामग्रीहरुको विवरण पुस्तिका सम्झनु पर्दछ ।

३. **ड्रग एण्ड थेराप्युटिक कमिटी** : अस्पतालबाट दिइने फार्मेसी सेवालाई व्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गर्नको लागि देहाय बमोजिमको अध्यक्ष तथा सदस्यहरु रहने गरी एक ड्रग एण्ड थेराप्युटिक कमिटी गठन गर्नुपर्नेछ :-

| | |
|---|---|
| (१) अस्पताल प्रमुख वा निजले तोकेको वरिष्ठ चिकित्सक | - अध्यक्ष |
| (२) चिकित्सकीय विभाग वा इकाई प्रमुखहरु | - सदस्य |
| (३) नर्सिंग प्रमुख | - सदस्य |
| (४) प्रशासन प्रमुख | - सदस्य |
| (५) आर्थिक प्रशासन प्रमुख | - सदस्य |
| (६) फार्मेसी प्रमुख | -सदस्य-सचिव |

**४. कमिटीको काम, कर्तव्य र अधिकार :** कमिटीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) फार्मेसीमा राखिने औषधि तथा औषधिजन्य सामग्रीहरुको सूची निर्धारण गर्ने ।

(२) आवश्यकता अनुसार औषधि तथा औषधिजन्य सामग्रीको उत्पादक तथा आपुर्तिकर्ताहरुको योग्यता निर्धारण गर्ने ।

(३) खरिद भई आएको औषधि तथा औषधिजन्य सामग्रीहरुको बिक्री मूल्य निर्धारण गर्ने । तर, यसरी बिक्री मूल्य निर्धारण गर्दा अधिकतम् खुद्रा मूल्य (Maximum Retail Price) भन्दा बढी हुनु हुँदैन ।

(४) अस्पताल फर्मुलरीको स्वीकृति दिने, परिमार्जन गर्ने वा संशोधन गर्ने ।

(५) औषधिको सेवन तथा प्रयोगबाट हुनसक्ने वा हुने प्रतिकूल प्रभावहरुको (Adverse Drug Reactions) अनुगमन तथा अध्ययन गर्ने ।

(६) अस्पतालबाट प्रदान गरिने उपचारको सम्बन्धमा स्तरीय उपचार प्रोटोकोल (Standard Treatment Protocol) तयार गरी लागू गराउने ।

(७) फार्मेसी सेवा संचालन सम्बन्धमा मन्त्रालयबाट प्राप्त निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

**५. कमिटीको बैठक सम्बन्धि व्यवस्था :**

(१) कमिटीको बैठक कम्तिमा प्रत्येक दुई महिनामा बस्नुपर्नेछ ।

(२) बैठक अध्यक्षले बोलाएको मिति र समयमा बस्नेछ ।

(३) कमिटीको बैठक बस्नुभन्दा कम्तिमा पनि अड्चालिस घण्टा अगावै सदस्य-सचिवले सबै सदस्यहरुलाई बैठकको कार्यसूची उपलब्ध गराउनुपर्ने छ ।

(४) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा वरिष्ठतम चिकित्सकले गर्नेछ ।

(५) कमिटीको बैठकको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) बैठकको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) कमिटीको बैठक सम्बन्धि अन्य कार्यविधि कमिटी आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकार :** फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) कमिटीको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(२) कमिटीको बैठकको लागि प्रस्ताव तयार गरी पेश गर्ने ।

(३) औषधि तथा औषधिजन्य सामग्रीहरुको सूची तयार गर्ने गराउने र कमिटीबाट अनुमोदन गराउने ।

(४) फार्मेसी सेवाको समग्र व्यवस्थापन गर्ने ।

(५) मातहतका कर्मचारीहरुको सुपरिवेक्षण गर्ने ।

(६) कमिटीले तोकेको अन्य कार्यहरु गर्ने ।

**७. निःशुल्क औषधि वितरण गरिने सम्बन्धि व्यवस्था :** (१) नेपाल सरकारबाट निःशुल्क वितरण गर्ने भनि तोकिएका औषधिहरु सरकारी अस्पताल फार्मेसीले निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

(२) निःशुल्क वितरण गरिने औषधिहरुको व्यवस्थापन छुट्टै गर्नुपर्नेछ ।

(३) निःशुल्क वितरण गरिने औषधिहरुको सूची सबैले देख्ने गरी राख्नुपर्ने छ ।

**८. फार्मेसी सेवा संचालनका लागि आवश्यक जनशक्ति तथा अन्य व्यवस्था :** अस्पताल फार्मेसी संचालनको लागि आवश्यक पर्ने जनशक्ति तथा अन्य व्यवस्था "स्वास्थ्य संस्था संचालन मापदण्ड, २०७७" मा तोकिए बमोजिम हुनुपर्नेछ ।

**९. स्तरीय संचालन कार्यविधि (Standard Operation Procedure) निर्माण गर्नुपर्ने :** (१) कुशल फार्मेसी अभ्यास (Good Pharmacy Practice) अनुकूल हुने गरी औषधि खरिद, भण्डारण, औषधिको गुणस्तर कायम गर्ने, इन्भेन्टरी व्यवस्थापन, लागू तथा मनोद्वीपक औषधिहरुको भण्डारण, औषधिको गुज्रने म्याद, फोहोर व्यवस्थापन, किरा तथा मुसाको नियन्त्रण सम्बन्धमा अस्पतालले स्तरीय संचालन कार्यविधि निर्माण गर्नुपर्नेछ ।

(२) दफा (१) बमोजिम बनाइएका स्तरीय संचालन कार्यविधि कार्यान्वयन गर्नु फार्मेसी प्रमुखको कर्तव्य हुनेछ ।

**१०. खारेजी र बचाउ :** (१) अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ खारेज गरिएको छ ।

(२) अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ बमोजिम गरिएका कामकारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं